चन्द्रागिरि नगरपालिका
चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

प.सं. : ०८२।८३
च.नं. : १२८३

मिति-२०८३।०२।०५

**विषय : छात्रवृत्ति वितरण सम्बन्धमा ।**

श्री संस्थागत विद्यालय सबै,
चन्द्रागिरि नगरपालिका ।

प्रस्तुत विषयमा शिक्षा ऐन, २०२८ (संशोधनसहित) को दफा १६ (ञ) तथा शिक्षा नियमावली २०५९ (संशोधनसहित) को नियम १५१ र चन्द्रागिरि नगरपालिका छात्रवृत्ति व्यवस्थापन कार्यविधि, २०७९ बमोजिम विद्यालयमा भर्ना भई अध्ययन गरिरहेका विद्यार्थीहरुलाई संस्थागत विद्यालयले समावेशीताका आधारमा तोकिएको कोटामा उपलब्ध गराउनुपर्ने निःशुल्क छात्रवृत्ति वितरणका लागि यस नगरपालिकाबाट मिति २०८३।०१।२१ गते प्रकाशित सूचना अनुसार सिफारिश भै आएका र तहाँ विद्यालयमा नै प्राप्त भएका निवेदनहरुलाई आधार मानी चन्द्रागिरि नगरपालिका छात्रवृत्ति व्यवस्थापन कार्यविधि,२०७९ को दफा ६ ले व्यवस्था गरेको देहाय बमोजिमको **विद्यालय छात्रवृत्ति व्यवस्थापन समितिको निर्णय**बाट मात्र छात्रवृत्ति वितरण गर्नु गराउनु हुन र सो को विवरण यस शाखाबाट तोकिए बमोजिमको ढाँचा (विद्यालयको Email Address मा पठाइएको छ) मा २०८३ साल जेठ मसान्तभित्र E-copy (chandragirimuneducation@gmail.com) र Hard Copy शिक्षा,युवा तथा खेलकुद शाखा मार्फत नगरस्तरीय छात्रवृत्ति व्यवस्थापन समितिलाई उपलब्ध गराउनु हुन अनुरोध छ ।

**छात्रवृत्ति व्यवस्थापन समिति**

१. विद्यालय व्यवस्थापन समिति अध्यक्ष- अध्यक्ष
२. वडा अध्यक्ष वा निजले तोकेको एक जना प्रतिनिधि- सदस्य
३. प्रतिनिधि, नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख वा निजले तोकेको कर्मचारी-सदस्य
४. प्रतिनिधि, शिक्षक अभिभावक संघ- सदस्य
५. प्रधानाध्यापक- सदस्य-सचिव

**पुनश्चः छात्रवृत्ति व्यवस्थापन कार्यविधि, २०७९ बमोजिम छात्रवृत्ति कोटा निर्धारण देहाय बमोजिम रहेको छ :**

क. **५००** जनासम्म विद्यार्थी भएमा कम्तिमा **१०** प्रतिशत,
ख. **५०० देखि ८००** जनासम्म विद्यार्थी भएमा कम्तिमा **१२** प्रतिशत,
ग. **८००** भन्दा बढी विद्यार्थी भएमा कम्तिमा **१५** प्रतिशत ।

............................
(जगदिश चन्द्र नेपाली)
प्रमुख प्रशासकीय अधिकृत

**सादर अवगतार्थ-**
श्रीमान् नगर प्रमुखज्यू,चन्द्रागिरि नगरपालिका, बलम्बु ।
श्रीमान् नगर उप-प्रमुखज्यू,चन्द्रागिरि नगरपालिका, बलम्बु ।

**बोधार्थ-**
श्री वडा अध्यक्षज्यूहरु (१५ वटै वडा कार्यालय, चन्द्रागिरि नगरपालिका)- आ-आफ्ना वडा अन्तर्गतका संस्थागत विद्यालयहरुमा यसै अनुसार सहजिकरणको लागि अनुरोध छ ।